नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(योजना तथा अनुगमन शाखा)

पत्र संख्या : ०८१/०८२ चलानी नं. : ९०६

नेपाल सम्वतः ११४५

मितिः- २०८१/०९/१६

**विषय : सहभागिता सम्वन्धमा ।**

**श्री प्रमुख प्रशासकीय अधिकृत,**

गण्डकी प्रदेशका सवै (८५ वटा) स्थानीय तह ।

मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रम अनुसार स्थानीय तहले आर्थिक वर्ष २०८०/८१ मा सम्पन्न गरेका कार्यहरुको समीक्षा, असल अभ्यास सम्बन्धमा अनुभव तथा सिकाइको आदान-प्रदान सम्वन्धी प्रदेश स्तरीय कार्यक्रम माननीय मन्त्रीज्यू र श्रीमान् सचिवज्यूको समुपस्थितिमा देहायको मिति, समय र स्थानमा हुने भएकोले उक्त कार्यक्रममा यसैसाथ संलग्न प्रस्तुतीकरणको ढाँचामा विवरण तयार गरी प्रस्तुतीकरण सहित सहभागी हुनुहुन अनुरोध छ ।

मितिः २०८१।०९।२२ देखि २४ गतेसम्म ।
आइपुग्नु पर्ने समयः २०८१।०९।२२ गते अपरान्ह ३:०० बजे ।
स्थानः होटल ल्याण्डमार्क, स्ट्रीट नं. १३, लेकसाईड, पोखरा ।
होटल सम्पर्क नं. ०६१४५२९०८

(काली प्रसाद पराजुली)
**सहसचिव**

**नोटः**

- कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत (वा मन्त्रालयबाट प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गर्न तोकिएको अधिकृत) स्वयं कार्यक्रम अवधिभर अनिवार्य उपस्थित हुनुपर्नेछ ।
- कार्यक्रम अवधिभर खाना, खाजा तथा आवासीय व्यवस्था मन्त्रालयको तर्फबाट हुनेछ । कार्यक्रममा कार्यालयको सवारी साधन सहित उपस्थित हुने र सवारीचालकको समेत आवासीय व्यवस्था गर्नुपर्ने भएमा सोको जानकारी कार्यक्रम शुरु हुने अघिल्लो दिन १२ बजे भित्र मन्त्रालयमा उपलब्ध गराउनु पर्नेछ । दैनिक तथा भ्रमण भत्ता लगायतका कुनैपनि खर्च मन्त्रालयबाट उपलब्ध गराईने छैन ।
- यस मन्त्रालयको च.नं. ६२ मिति २०८१।०७।०७ को पत्रबाट अनुरोध गरिए बमोजिमको अनलाइन Google Form (http://bit.ly/progressrev) मा प्रगति प्रविष्टी भएको सुनिश्चित गरी सोको आधारमा संलग्न ढाँचाको प्रस्तुतीकरण सहित उपस्थित हुनुपर्नेछ। प्रति स्थानीय तह प्रस्तुतीकरणको लागि १० मिनेट समय उपलब्ध गराईने छ।
- कार्यक्रमको उद्घाटन सत्र, समापन सत्र सामुहिक रुपमा हुनेछ । स्थानीय तहबाट हुने प्रस्तुतीकरण र सो सम्वन्धी मन्त्रालयको प्रस्तुतीकरणको लागि सहभागी स्थानीय तहको संख्याका आधारमा आवश्यकता अनुसार समुहमा विभाजन गरी समानान्तर रुपमा प्रस्तुतीकरणको व्यवस्था मिलाईने छ ।
- जिल्ला अन्तर्गतको सवै स्थानीय तहको प्रस्तुतीकरण पश्चात जिल्ला समन्वय अधिकारीलाई Observation मन्तव्य/प्रस्तुतीकरणका लागि समय उपलब्ध गराईने छ ।
- कार्यक्रम सम्वन्धी थप जानकारी आवश्यक भएमा ९८५१०३१६२७ वा ९८४३५५४८८८ मा सम्पर्क राख्न सकिने छ ।

**वोधार्थः-**

श्री जिल्ला समन्वय अधिकारी,

गण्डकी प्रदेशका सवै जिल्ला समन्वय कार्यालय (११ वटा) : आफ्नो जिल्ला भित्रका स्थानीय तहको सहभागिता र विवरण प्रविष्टीमा आवश्यक समन्वय र सहजीकरण गरिदिनु हुन ।

सिंहदरवार काठमाण्डौं (+९७७)-(१) ४२००००० ४२००३२३